# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १२ भदौ २०७९
# आइतवार
# बैठक सङ्ख्या- ४८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन भएको छ । म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेस हुन आएका देहायबमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रतिहरू थान २ यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.स. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/०५/०५ |

| | | |
|---|---|---|
| २ | ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधयेक | २०७९/०५/०५ |

(यादवप्रसाद कोइराला)
सचिव

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता पठाइएको नागरिकता विधेयकका सम्बन्धमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको बेहोरा सभासमक्ष जानकारी गराउन समय उपलब्ध गराउँछु ।

**राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता पठाइएको नागरिकता विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको बेहोरा सभासमक्ष जानकारी गराउँछु ।

विषयः- सम्माननीय राष्ट्रपतिज्यूको सन्देश ।

श्रीमान् महासचिवज्यू,

संघीय संसद सचिवालय, सिंहदरवार, काठमाडौं

प्रतिनिधि सभाको संवत् २०७९ साल साउन ६ गतेका दिन बसेको बैठकबाट समेत पारित भई सम्माननीय सभामुखज्यूबाट प्रमाणित भई प्रमाणीकरणका लागि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस भएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको सन्दर्भमा यो पत्र लेखिँदै छ ।

प्रमाणीकरणका लागि प्रस्तुत हुन आएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नेपालको संविधानबमोजिम नागरिकता प्राप्तिसम्बन्धी विषयमा संघीय संसदबाट पुनः गहन अध्ययन, छलफल, विमर्श र विश्लेषणसहित पुनर्विचार हुन

वाञ्छनीय भएकाले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम सन्देशसहित यो विधेयक प्रतिनिधि सभामा फिर्ता पठाउने निर्णय भएकाले नेपालको नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा यसैसाथ पठाइएको बेहोरा सादर अनुरोध छ ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ विधेयकका सन्बन्धमा संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भई मिति २०७९/०४/१६ मा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणका लागि प्रस्तुत हुन आएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ को विधेयकको देहायको सन्देशसहित नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा फिर्ता पठाएको छु ।

**(क) प्रतिनिधि सभामार्फत सम्मानित संघीय संसदसमक्ष जानकारी, अध्ययन र विमर्शका लागि सन्देशः**

१. नेपालको संविधानको भाग-२ धारा १० देखि १५ अन्तर्गत नेपालको नागरिकता प्राप्त गर्न योग्य हरेक नेपाली नागरिकले सहज र सरल ढङ्गबाट नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न समुचित कानुनी प्रबन्ध गर्नु राज्यको दायित्व हो । संविधानद्वारा सुनिश्चित गरिएको मौलिक अधिकार सम्पन्न एवम् कर्तव्यबोधयुक्त नागरिकबाट नै मुलुकको राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौम सत्ता तथा राष्ट्रिय अखण्डतालाई सुदृढ बनाउने संविधान निर्दिष्ट उद्देश्य हासिल हुने भएकाले नागरिकता प्राप्तिको प्रक्रिया प्रत्येक नेपालीको आत्मसम्मान तथा राष्ट्रको एकतासँग गहिरो गरी गाँसिएको संवेदनशील विषय हो । सार्वभौम संसदबाट विषयवस्तुको गाम्भीर्यलाई मनन् गरी नागरिकताको प्राप्ति, समाप्ति एवम् पुनर्प्राप्तिको प्रक्रियाका स्पष्ट प्रावधानहरू व्यवस्थित गर्नुका साथै नागरिकता प्राप्त हुने क्रममा यदाकदा देखिन सक्ने बाधा अड्चनहरू समेत सम्बोधन हुन यथोचित कानुनको निर्माण गरिनु व्यवस्थापिकीय कर्तव्य नै हो । संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चितता गरिएको हुनाले कानुनको तत्काल आवश्यकता रहेको बारेमा कुनै प्रकारको सन्देह वा द्विविधा रहेको छैन ।

२. जननिर्वाचित संविधानसभाद्वारा जारी गरिएको नेपालको संविधानबमोजिम नागरिकता प्राप्तिका सम्बन्धमा बन्नुपर्ने पहिलो संघीय ऐन भएकाले प्रस्तुत विधेयकको पृष्ठभूमिमा इतिहासदेखि वर्तमानसम्म विभिन्न समयमा जारी भएका संविधान तथा कानुनद्वारा नागरिकतासम्बन्धी विषयमा गरिएका व्यवस्थालाई सारांशमा स्मरण गर्नु उपयुक्त हुन्छ । योग्य नेपाली नागरिकले नेपाल सरकारको सम्बन्धित निकायबाट नागरिकताको इजाजतपत्र (प्रमाणपत्र) प्राप्त गर्न सक्ने गरी विक्रम संवत् २००९ सालमा पहिलो नागरिकता ऐन जारी भएको देखिन्छ । उक्त ऐनअन्तर्गत नेपाल राज्यको बासिन्दाबाट नेपालमै जन्मेको, बाबु वा आमामध्ये एकजना नेपालमा जन्म भई नेपालमा नै स्थायी वासस्थान कायम गर्ने उद्देश्य लिएर सपरिवार बसोवास गर्दै आएको र नेपाली पुरुषसँग कानुन एवं रीतपूर्वक वैवाहिक सम्बन्ध भएको विदेशी महिला नेपालको नागरिक ठहर हुने प्रावधान उल्लेख भएको पाइन्छ ।

विक्रम संवत् २०१९ सालमा नागरिकतासम्बन्धी विषयलाई संविधानमा समेटी त्यसअन्तर्गत २०२० सालमा जारी भएको नागरिकतासम्बन्धी नेपाल कानुनलाई पुनः व्यवस्था गर्न बनेको ऐनले नागरिकता प्राप्तिलाई पितृत्वमा केन्द्रित गर्दै मूलतः पुरानै ऐन बमोजिमका आधार लिएर वंशज, जन्मसिद्ध र अङ्गीकृत भनी वर्गीकरण गरेको देखिन्छ । उक्त ऐनमा २०३२ सालमाको संविधान संशोधनबाट वंशज र जन्मसिद्ध नागरिकताका प्रावधानहरू यथावत राखी कुनै विदेशी व्यक्तिले रीतपूर्वक प्राप्त गर्न सक्ने नेपालको अङ्गीकृत नागरिकताका सम्बन्धमा नयाँ व्यवस्था लागू भयो । यसबमोजिम नेपाली उत्पत्तिको व्यक्तिको हकमा दुई वर्ष, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी स्वास्नी मानिसको हकमा कम्तीमा पाँच वर्ष र सोबाहेक अरूको हकमा कम्तीमा पन्ध्र वर्षको अवधिसम्म नेपालमा बसोवास गरेको शर्त पूरा भएपछि अङ्गीकृत नागरिकता प्राप्त हुन सक्ने प्रावधान कायम गराइएको देखिन्छ । यस सन्दर्भमा नागरिकताबारे हाम्रो अभ्यासका ऐतिहासिक पक्षमाथि पर्याप्त विवेचना हुनु आवश्यक देखिन्छ ।

३. ऐतिहासिक जनआन्दोलनपश्चात् मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने लोकतन्त्रको शाश्वत मान्यता अवलम्बन गर्दै २०४७ सालमा जारी नेपाल अधिराज्यको संविधानले नागरिकताका सम्बन्धमा पुरानै कानुनी प्रचलन र

अभ्यासलाई नै अपनाएको देखिन्छ । उक्त संविधानको भाग-२, धारा ८, ९ र १० ले वंशजको नागरिकतालाई पूर्ण रूपले पितृत्वको आधारमा केन्द्रित गरी वैवाहिक अङ्गीकृत नागरिकताको हकमा धारा ९ (५) बमोजिम 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि' नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत निर्वाचित विभिन्न सरकारहरूद्वारा नागरिकता प्राप्तिउपर जनस्तरमा विद्यमान सवालहरूको उपयुक्त ढङ्गले समाधान गर्न उच्चस्तरीय नागरिकता आयोग र नागरिकता आयोग सुझाव कार्यान्वयन समिति गठन भएका थिए, जसको प्रतिवेदन समेतका आधारमा विक्रम संवत् २०५६/०५/२४ गते तत्कालीन प्रतिनिधि सभामा नेपाल नागरिकता ऐन, २०२० लाई छैटौं संशोधन गर्न विधेयक दर्ता भएको देखिन्छ । प्रतिनिधि सभाले छलफल गरी २०५७ जेठ २९ गते पारित गरेको उक्त विधेयक राष्ट्रिय सभाबाट अस्वीकृत भएकोमा प्रतिनिधि सभाबाट पुनः पारित भई अर्थ विधेयकका रूपमा राष्ट्रप्रमुख समक्ष प्रमाणीकरणका लागि २०५७/०८/१६ मा पेश भएको देखिन्छ । तत्कालीन संविधानले राष्ट्रप्रमुखलाई गम्भीर कानुनी वा संवैधानिक प्रश्नमा सर्वोच्च अदालतबाट राय लिन सक्ने अधिकार प्रदान गरेको सन्दर्भसमेतका आधारमा उक्त विधेयकले ऐनको स्वरूप ग्रहण गर्न नसकेको विदितै छ । यसबिचमा नागरिकताका कतिपय उचित सवालहरू थाती रहँदै आएको पक्ष पनि सार्वजनिक जानकारीमा उपलब्ध रहेकै छ ।

४. नेपाली जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफलस्वरूप मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गरिसकेपछि नागरिकतासम्बन्धी पुराना प्रश्नहरूका साथै लैङ्गिक समानताको दृष्टिकोणबाट नागरिकतालाई हेरिनुपर्ने तथा बदलिँदो आर्थिक, सामाजिक परिस्थितिका कारण उत्पन्न भएको नागरिकतासम्बन्धी गम्भीर प्रश्नहरूलाई सम्बोधन गर्नुपर्ने दायित्व मुलुकका सामु उपस्थित भएका छन् । नेपाली नागरिकहरू विभिन्न पेशागत तथा व्यावसायिक कारणले विश्वका विभिन्न मुलुकहरूमा पुगी आफ्नो कर्मदेशको नागरिकता लिए पनि जन्मभूमिप्रतिको दायित्वबोधले, नेपालमा कुनै न कुनै प्रकारको संलग्नता कायम राख्ने उद्देश्यका लागि संविधानको धारा १४ बमोजिम संघीय कानुन

निर्माण हुनु अनिवार्य भएको छ । त्यसै गरी, नेपालमा बसोवास गरी वंशजबाहेकको नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई प्रदान गरिने नागरिकताबारे राज्यको तर्फबाट न्यायपूर्ण स्पष्टता आवश्यक रहेको छ ।

देशको सामाजिक, आर्थिक जीवनबाट सीमान्तकृत रहेको वर्ग र समुदायलाई माथि उठाई जति धेरै सम्मान महसुस गराउन सकिन्छ, त्यति नै हाम्रो राष्ट्रियता बलियो हुँदै जान्छ । भविष्यमा परिवेश अझ बदलिँदै जाँदा तदनुरूपका नयाँ सदालहरू उत्पन्न हुँदै जाने भएकाले हाम्रो आजको दायित्व इतिहासदेखि कायम रहेका कतिपय पक्षमा न्यायोचित सुधार गरी नागरिकको जीवनलाई सहज बनाउनु हो । तसर्थ, सार्वभौम जनताका प्रतिनिधिहरूसमक्ष नागरिकताबारे हाम्रो उतारचढावयुक्त इतिहासको वस्तुनिष्ठ समीक्षा गर्दै वर्तमानका लागि त्यसबाट उत्सर्जित शिक्षा एवम् भविष्यका लागि मार्गदर्शन समेत स्थापित हुने गरी कानुनको निर्माण गर्न जन अपेक्षा एवम् संवैधानिक दायित्व रहेकोतर्फ सम्मानित सदनको यथेष्ट ध्यान आकृष्ट हुनु आवश्यक छ ।

५. यस क्रममा नेपाल नागरिकता ऐन, २०६३ ले नागरिकताको केही ज्वलन्त सवालहरूको सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । कानुनको समयानुकूल सुधार एवम् संशोधन नियमित चलिरहने प्रक्रिया नै भएता पनि कानुनप्रति सार्वभौम जनताको अपनत्व फराकिलो बनाउन जनताकै समक्ष त्यस्ता हरेक सुधार एवम् संशोधनको औचित्य सावित हुन आवश्यक पर्दछ । संविधान सभाबाट नयाँ संविधान जारी भएको अवस्थासमेतलाई विचार गर्दै विक्रम संवत् २०७५ सालमा प्रतिनिधि सभाले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक दर्ता गरी राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रतिवेदनसमेत सार्वजनिक भएको तथ्य सबैको जानकारीमा छ ।

६. करिब तीन वर्ष प्रतिनिधि सभामा रहेको उक्त विधेयकले कानुनको स्वरूप ग्रहण गर्न नसक्दा नागरिकता प्राप्तिका सवालहरूलाई तत्काल सम्बोधन गर्न आवश्यक देखिएकाले उक्त विधेयक र हाल प्रस्तुत विधेयककै समेत कतिपय प्रावधानहरू समान रहेको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ साल जेठ ९ गते जारी भएको स्मरणीय छ । लोकतान्त्रिक विधि निर्माण प्रक्रियामा सरकारद्वारा तत्काल जारी हुनुपर्ने भनी मन्त्रीपरिषद्को निर्णयका आधारमा

प्रधानमन्त्रीद्वारा सिफारिस गरिएको कुनै पनि अध्यादेशको औचित्य केवल जननिर्वाचित संसदबाट मात्र परीक्षण हुन सक्दछ ।

प्रधानमन्त्रीद्वारा विधिवत् प्रस्ताव गरिएको अध्यादेशलाई राष्ट्राध्यक्षले अध्ययन गरी पुनर्विचार गर्ने व्यवस्था संविधानबाट निर्दिष्ट नभएको हुनाले त्यस प्रक्रियाका बारेमा सार्वभौम संसदबाट मात्र समीक्षा वा पुनरावलोकन हुनसक्ने लोकतान्त्रिक एवम् संवैधानिक अभ्यास रही आएको छ । विक्रम संवत् २०७५ सालमा प्रतिनिधि सभामा पेस भएको नागरिकता विधेयकउपर छलफल जारी रहेको समेतका विषयगत एवं प्रक्रियागत कारणहरू औंल्याउँदै सम्मानित सर्वोच्च अदालतको आदेशबाट उक्त अध्यादेश निस्क्रिय भई हाल सोसम्बन्धी रिट खारेज भैसकेको भएता पनि पूर्ण फैसला आउन बाँकी देखिन्छ । विधेयकका रूपमा प्रस्तुत र अध्यादेशका रूपमा जारी ती व्यवस्थाले पनि नागरिकता प्राप्तिका बारेमा उठेका केही गम्भीर सवालहरूलाई सम्बोधन गर्न बाँकी नै राखेको देखिन्छ । विक्रम संवत् २०७५ सालमा प्रस्तुत भएको नागरिकता विधेयकउपर प्रतिनिधि सभामा राज्य व्यवस्था तथा सुशासन समितिले सहमति जुटाएको भनिएको प्रतिवेदनलाई सम्मानित सदनमा छलफल गरी सार्वभौम जनताका सामुन्ने राखिदिनु उपयुक्त हुन्छ ।

७. आमाको नामबाट सन्तानले सम्मानपूर्वक नागरिकता प्राप्त गर्नु आमा र सन्तान दुवैको नैसर्गिक अधिकार हो । सन्तानले नागरिकता प्राप्त गर्ने प्रक्रियामा प्रजननसँग सम्बन्धित आमाको मौलिक हक, गोपनीयता, निजी जीवन, आत्मसम्मान र गरिमा संविधानबमोजिम सुरक्षित गरिनुपर्दछ । योग्य नेपाली नागरिकले नागरिकता प्राप्त गर्न असमर्थ भएकै कारण संविधानप्रदत्त अधिकारको उपयोग र कर्तव्यको पालना गर्नबाट बञ्चित हुनुहुँदैन । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सुदृढ नागरिक एकता नै पहिलो र अनिवार्य शर्त भएको हुनाले नागरिकताको माध्यमबाट राष्ट्रिय एकतामा प्राप्त हुने सामर्थ्यलाई मध्यनजर गरी यी प्रश्नहरूमाथि अत्यन्तै गम्भीरतापूर्वक चिन्तन र विमर्श हुन अत्यावश्यक छ ।

**(ख) प्रतिनिधि सभामार्फत सम्मानित संसदसमक्ष ध्यानाकर्षणको सन्देशः**

१. नेपालको संविधानको धारा १० (२) बाट नेपालमा प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएकोमा प्रमाणीकरणका लागि प्रस्तुत

विधेयकको कुनै पनि प्रावधानले प्रादेशिक पहिचानलाई सम्बोधन गरेको देखिँदैन । संविधानको धारा ११ को उपधारा (६), (७), (८) अन्तर्गत सबै प्रकारका अङ्गीकृत नागरिकता प्राप्त गर्न, सोही धाराको उपधारा (९) बमोजिम सम्मानार्थ नागरिकता प्राप्त गर्न तथा धारा १३, १४ र १५ बमोजिम नागरिकताका प्रावधान सक्रिय हुन संघीय कानुन आवश्यक पर्ने बेहोरा तत्तत् धारा र उपधाराहरूमा उल्लिखित देखिन्छ । वर्तमान संविधानअन्तर्गत नागरिकताको बारेमा जारी हुनुपर्ने पहिलो ऐन भएको हुनाले संविधान प्रदत्त सबै किसिमका नागरिकताका प्रावधानहरूको तथा नागरिकतासम्बन्धी हाल प्रचलनमा रहेका कानुनको समेत प्रस्तुत विधेयकबाट नै संविधानसम्मत व्यवस्थापन गरिनुपर्ने विषयमा सम्मानित सदनको ध्यानाकर्षण हुनु उपयुक्त देखिन्छ ।

२. संविधानको धारा ११ सहितका अङ्गीकृत नागरिकताको सवालमा विश्वका विभिन्न मुलुकको व्यवस्था तथा असल अभ्यासको अध्ययन र अवलोकन गरी त्यसलाई हाम्रो मुलुकको सापेक्षता सम्बोधन हुने गरी सार्वभौम नेपाली जनताका प्रतिनिधिहरूको यथेष्ट ध्यानाकर्षण हुनु आवश्यक देखिएको छ । हाल अवलम्बन गरिदै आएको अङ्गीकृत नागरिकता प्रणाली नै हाम्रो असल अभ्यास र यथार्थ हो भने यसका बारेमा सोही अनुरूपको साझा धारणा निर्माण गरी नागरिकताको सन्दर्भमा बारम्बार उठ्ने बहसलाई स्थायी रूपमा समाधान गर्न दृष्टि पुग्नुपर्दछ ।

३. अङ्गीकृत नागरिकताकै सन्दर्भमा विक्रम संवत् २०३२ सालमा लागू गरिएको व्यवस्था लामो समयसम्म कायम रहन नसकेको देखिनुका पछाडि के कस्ता कारणहरू विद्यमान थिए भन्ने पर्याप्त अध्ययन भएको खण्डमा त्यसले प्रस्तुत विधेयकलाई र भविष्यमा हुने नागरिकतासम्बन्धी कानुनी सुधारको प्रयासलाई समेत ठुलो मद्दत गर्ने देखिन्छ । यसतर्फ सम्मानित संसदको यथेष्ट ध्यानाकर्षण हुनु आवश्यक छ । नेपाल सरकारको सम्बद्ध निकायहरूले समेत यसबारेमा खोज अनुसन्धान गरी व्यवस्थापिकालाईसमेत सहयोग गर्न सक्ने अवस्था रहेको तर्फ पनि उत्तिकै ध्यान आकृष्ट हुन आवश्यक देखिन्छ ।

४. वर्तमान विधेयकको विषयवस्तुलाई लैङ्गिक समानताको दृष्टिबाट हेरिदा यसमा प्रशस्त छलफल र सुधारका सम्भावनाहरू देखिन्छन् । आमाको नामबाट सन्तानलाई प्राप्त हुने नागरिकताका सन्दर्भमा प्रस्तुत विधेयकले नेपाल नागकिता

ऐन, २०६३ को दफा ३ मा संविधानबमोजिम निम्नअनुसारका उपदफाहरू समेत थप्न प्रस्ताव गरेको देखिन्छ :-

उपदफा (५)- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ । उपधारा (६)- उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट नेपालमा जन्म भएको व्यक्तिले नेपालको नागरिकता लिँदाका बखत निजको आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मिएको त्यस्तो व्यक्तिले वंशजको नागरिकता प्राप्त गर्ने छ । उपदफा (७)- उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरिएमा त्यस्तो व्यक्तिले वंशजको आधारमा प्राप्त गरेको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिएबमोजिम स्वघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गीकृत नागरिकता प्राप्त गर्ने छ ।

यी प्रवाधानलाई कार्यात्मक रूप दिने प्रयोजनका लागि नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ मा आमा र नागरिकता प्राप्त गर्ने व्यक्तिको अलग अलग स्वघोषणा तोकिएको ढाँचामा हुने व्यवस्थाउपर ध्यान आकृष्ट हुनु आवश्यक देखिन्छ ।

५. बालबालिकालाई परिवार र राज्यबाट जन्म दर्ता, पहिचानसहितको नामकरण, शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहारलगायतका अधिकार प्राप्त हुने विषयलाई संविधानको धारा ३९ ले मौलिक हकको रूपमा परिभाषित गरेको छ । जन्मदर्ता र नामकरण नागरिकताको प्राप्तिसँग प्रत्यक्ष रूपले जोडिएका हुन्छन् । बालबालिकाको जन्म र पालन पोषणमा आमा र बाबु दुवैको भूमिका हुनुपर्ने भएता पनि सामाजिक, आर्थिक, संरचनागत एवम् भवितव्य जस्ता कारणबाट कतिपय बालबालिकाहरू एकल अभिभावकत्वअन्तर्गत रहनुपर्ने अवस्था छ भने, आजको विज्ञान र प्रविधिले एकल मातृत्वलाई पनि सम्भव बनाएको पक्षलाई समेत ध्यान दिएर हेरिनु आवश्यक भएको छ ।

६. आमाको नामबाट नागरिकता प्राप्त हुने विषयलाई हाम्रो संविधानका विभिन्न प्रावधानको सापेक्षतामा हेर्न सकिन्छ । संविधानको धारा ३८ ले महिलालाई

लैङ्गिक भेदभावविना समान वंशीय हकका साथै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको विशिष्ट अधिकार तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने व्यवस्थालाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको विषय मनन् गर्नु सबैभन्दा महत्वपूर्ण हुन आउँछ । प्रजनन र मातृत्वलाई संविधानले आमाको मौलिक हक मानिसकेपछि नागरिकताका लागि ऐनद्वारा खोजी गरिने बाबु बारेको स्वघोषणाले एकातिर संविधानसँग तादात्म्यता कायम गर्नुपर्दछ भने अर्कोतिर यसले आमाको आत्मसम्मानमाथि के कति न्याय गर्न सक्छ भन्ने प्रश्न झनै गम्भीर र विचारणीय हुन जान्छ । यो प्रश्न संविधानको धारा १६ लाई सँगै राखेर गरिएको खण्डमा अझ प्रासङ्गिक र स्पष्ट हुन सक्दछ । यस धाराले हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ । यसमा कुनै अपवाद लागू हुन नसक्नेतर्फ समेत सम्मानित संसदको ध्यानाकर्षण हुनु आवश्यक छ ।

७. नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्तिको जन्म राज्यका कानुनी प्रबन्ध वा तिनले परिकल्पना गरेका सीमा वा हाम्रा स्थापित सामाजिक मान्यताका आधारमा मात्र भएको छैन । कतिपय प्रजनन अन्यायपूर्ण एवम् शोषणयुक्त सम्बन्धबाट समेत भएको देखिने हुँदा ती सबै आधारलाई यहाँ उल्लेख गर्नु संवेदनशीलता एवम् सभ्यताका दृष्टिले पनि उपयुक्त हुँदैन । हाम्रो संविधानको लैङ्गिक समानता सम्बन्धी मार्गदर्शनबमोजिम आमाको नामबाट प्राप्त हुने नागरिकतामा आमालाई नै केन्द्रमा राखिने गरी पुनर्विचार हुनु सान्दर्भिक हुन्छ ।

प्रजनन बारे आमाको गोपनियतालाई आफ्नै सन्तानले नागरिकता प्राप्त गर्ने क्रममा सन्तान र राज्यका निकायसामु बाबुका बारेमा स्वघोषणाबाट अभिलेखीकरण गरिँदा महिलामाथि लामो समयदेखि हुँदै आएका सबै प्रकारका विभेद अन्त्य गर्न हामीले गरेका संघर्षहरू निस्फल भएर जाने त होइनन् ? भन्ने प्रश्नले हामी सबैलाई घच्घच्याउन आवश्यक छ । तसर्थ, नियमावलीमा छोड्न लागिएको स्वघोषणासम्बन्धी व्यवस्थालाई ऐनबाट नै आमा र सन्तान दुवैप्रति सम्मान र न्याय हुने गरी पुनर्विचार हुन सम्मानित सदनको ध्यानाकर्षण हुनु आवश्यक देखिन्छ ।

८. अतः प्रस्तुत विधेयकका सन्दर्भमा आवश्यक पुनर्विचार गरियोस् भन्ने उपर्युक्त सन्देशसहित नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा फिर्ता गरिदिएको छु । नागरिकता सम्बन्धी संघीय कानुन आवश्यक भएको पक्षलाई मनन् गर्दै उल्लिखित विषयउपर सम्मानित सदनमा गहन छलफल गरी प्राप्त भएका निष्कर्षसहित विधेयकमा आवश्यक सुधार गरी पुनः प्रमाणीकरणका लागि पेस हुने अपेक्षा गर्दछु भन्ने व्यहोरा सम्माननीय राष्ट्रपतिज्यूबाट निर्णय भएकोले प्रेषित गरेको छु ।

आज्ञाले,
(यादवप्रसाद कोइराला)
सचिव

धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यहरूको कार्यभार तोकिएकोसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म क्रमशः उक्त पत्रहरूको बेहोरा जानकारी गराउँछु ।

(क) माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्का जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गरी मिति २०७९ साउन २४ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोक्नुभएको ब्यहोरा अनुरोध गर्दछु ।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७९/०४/२५

(ख) माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी संयुक्त राज्य अमेरिकाको एटलान्टामा हुने "वेस्ट वाटर बेस्ड एपिडिमियोलजी सरभेइलेन्स फर सार्स कोभ टु" कार्यक्रममा सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गरी मिति २०७९ साउन २८ गते त्यसतर्फ

प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७९/०४/२९

(ग) माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री पम्फा भुसाल फिनल्यान्मा हुने उच्चस्तरीय अध्ययन भ्रमणमा सहभागी हुन मिति २०७९ साउन २५ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री जनार्दन शर्माले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७९/०४/३०

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभामा उत्पत्ति भई सो सभाबाट पारित भएका "बीमा विधेयक, २०७५", "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६", "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" सम्बन्धी प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू र राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाइएको "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" लाई प्रतिनिधि सभाले संशोधन सहित फिर्ता पठाएको सन्देश सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

(राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधि सभामा उत्पत्ति भई सो सभाबाट पारित भएका "बीमा विधेयक, २०७५", "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६", "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६" सम्बन्धी प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू र राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाइएको "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६" लाई प्रतिनिधि सभाले संशोधन सहित फिर्ता पठाएको सन्देश सभासमक्ष टेबुल गर्नुभयो ।)

माननीय सदस्यहरु, अब म राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई "शपथ सम्बन्धी विधेयक, २०७८", "तथ्याङ्क विधेयक, २०७६", "स्टाण्डर्ड नाप र तौल (पाँचौ संशोधन) विधेयक, २०७६" र "प्रत्यायन विधेयक, २०७६" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराउन समय उपलब्ध गराउँछु।

**राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाल**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाबाट सन्देशसहित प्रतिनिधि सभामा पठाइएका विधेयकहरूको सम्बन्धमा प्रतिनिधि सभाबाट सन्देशहरू प्राप्त हुन आएका छन् । अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरूलाई राष्ट्रिय सभा नियमावलीको नियम १२२ अनुसार क्रमशः सभालाई जानकारी गराउँछु । संवत् २०७९ साल साउन २९ गते बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय सभामा उत्पत्ति भएका "शपथ सम्बन्धी विधेयक, २०७८", र "तथ्याङ्क विधेयक, २०७६" लाई संशोधन विना पारित गरेकाले प्रतिनिधि सभा नियमावली २०७५ को नियम १३२ को उपनियम (५) बमोजिम सन्देशसहित उक्त विधेयकहरू फिर्ता पठाइएको बेहोरा अनुरोध गर्दछु ।

(गोपालनाथ योगी)
प्रतिनिधि सभाको सचिव

संवत् २०७९ साउन ३१ गते बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय सभामा उत्पत्ति भएका "स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६" र "प्रत्यायन विधेयक, २०७६" संशोधनविना पारित गरेकाले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (५) बमोजिम सन्देशसहित उक्त विधेयकहरू फिर्ता पठाइएको बेहोरा अनुरोध गर्दछु ।

(गोपालनाथ योगी)
प्रतिनिधि सभाको सचिव

धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक,

२०७९ का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराउन समय उपलब्ध गराउँछु ।

**<u>राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता पठाइएको नागरिकता विधेयकका सन्दर्भमा प्रतिनिधि सभाबाट सन्देश प्राप्त हुन आएको छ । अध्यक्ष महोदयको अनुमतिले उक्त सन्देशको जानकारी सभालाई जानकारी गराउँछु ।

विषयः- सन्देशसहित विधेयक पठाइएको।

उपर्युक्त सम्बन्धमा प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयबाट पठाइएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" राष्ट्रपति कार्यालयबाट पुनर्विचारका लागि फिर्ता भएकोमा संवत् २०७९ साल भदौ २ गते बिहीवार बसेको प्रतिनिधि सभाको बैठकले यथावतरूपमा पारित गरेकाले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२६ को उपनियम (१) बमोजिम सन्देशसहित उक्त विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु ।

(गोपालनाथ योगी)
प्रतिनिधि सभाको सचिव

धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेललाई "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेल</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले प्रस्तुत गर्नुभएको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकउपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु ।

छलफलमा भाग लिन चहानुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यहरूबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मति स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ९ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ९ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १३:३५ बजे ।**